# शैक्षिक सुधार कार्यक्रमका लागि ३९ विद्यालय छनोट

■ प्रभाव संवाददाता

**हुम्ला–** सरकारले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमका लागि चालु आर्थिक वर्षमा हुम्लाका ३९ वटा विद्यालय छनोट गरेको छ । जिल्लाबाट कार्यक्रमका लागि आवेदन दिएका विद्यालयमध्ये ३९ वटा छनोट भएको हो

शिक्षा विकास तथा समन्वय इकाई प्रमुख टिकल भट्टराईका अनुसार विद्यालयको प्रस्तावना र कार्यालयबाट सिफारिस गरिएका कुल एक सय विद्यालयमध्ये ३९ वटा विद्यालयको प्रस्तावना कार्यक्रमका लागि स्वीकृत भएको हो । हुम्लाबाट चार कोठे भवनका लागि सात वटा विद्यालय, दुई कोठे भवनका लागि १५ वटा, प्राविधिक धारतर्फ बाली विज्ञानको कक्षा सञ्चालनका लागि एक वटा र आइसिटी ल्याब व्यवस्थापनका लागि १६ वटा विद्यालय छानिएका छन् ।

कार्यक्रमले उपलब्ध गराउने अनुदान रकमअनुसार चारकोठे भवन निर्माणका लागि प्रतिविद्यालय रु ३६ लाख, दुई कोठे भवन निर्माणका लागि रु १८ लाख, आइसिटी ल्याब व्यवस्थापनका लागि रु ६ लाख ५० हजार, नयाँ प्राविधिक धार सञ्चालनका लागि ल्याब व्यवस्थापन तथा शिक्षण सहयोग अनुदान २८ लाख चार हजार ५७० रूपैयाँ रहेको छ ।



छनोट भएका सबै विद्यालयको लागि पाँच करोड ४६ लाख चार हजार ५७० रूपैयाँ विनियोजन गरिएको छ ।

कार्यक्रमका लागि नाम्खा गाउँपालिकाबाट बाली विज्ञानतर्फ महाबौद्ध मावि, सोही विद्यालयका लागि आइसिटी ल्याब, खासरपानी आधारभूत विद्यालयका लागि दुई कोठे भवन, हिमालयन आविका लागि दुई कोठे भवन र बुद्ध आविका लागि आइसिटी ल्याब रहेका छन् ।

सिमकोट गाउँपालिकाका रलिङ, बालमन्दिर र कर्णाली मावि आइसिटी ल्याव, कालशीलता आविका लागि चारकोठे भवन, हिमाली बहिरा तथा बौद्धिक अपांगका लागि दुई कोठे भवन, भीमसेन आविका लागि आइसिटी ल्याव र जनज्योति आविका लागि दुई कोठे भवन छनोटमा परेका छन् ।

त्यसैगरी खार्पुनाथ गाउँपालिकाका भानुभक्त र मष्टादेव आविका लागि दुई कोठे भवन, हुम्ला माविका लागि चार कोठे भवन, शंकर, सीता, मान्धारा र मालिका मावि आइसिटी ल्यावका लागि छनोटमा परेका छन् ।

सर्केगार्ड गाउँपालिकाका अंशुवर्मा र देवल आवि चारकोठे भवन, शारदा प्रावि दुई कोठे भवन र सरस्वती मावि तथा स्वयम्भू प्रावि आइसिटी ल्याबका लागि छनोटमा परेका छन् ।

चंखेली गाउँपालिकाको हिमालय मावि चार कोठे भवन, गणेश नवज्योति आवि दुई कोठे भवन, बालकल्याण र ज्ञानज्योति प्रावि दुई कोठे भवन तथा बालज्योति आवि आइसिटी ल्यावका लागि छनोटमा परेका छन् । त्यस्तै, अदानचुली गाउँपालिकाको सूर्योदय मावि चारकोठे भवन, हिमालचुली र थुममालिका आवि दुईकोठे भवन र जनप्रकाश आवि आइसिटी ल्यावका लागि छनोटमा परेका छन् ।

ताँजाकोट गाउँपालिकाको मदानदेव मावि चारकोठे भवन, जनप्रकाश र धर्मोदय दुई कोठे भवन तथा चन्द्रप्रकाश बुद्धि धावकास मावि आइसिटी ल्याबका लागि छनोट भएका छन् ।

# चितवनमा सात महिनामा ३० जना बेपत्ता

**चितवन–** जिल्लाको विभिन्न स्थानबाट चालु आर्थिक वर्षको हालसम्मका ३० जना बेपत्ता भएका छन् । जिल्ला प्रहरी कार्यालयका अनुसार हराएको निवेदन परेकामध्ये सो संख्यामा व्यक्ति अझै सम्पर्कमा आउन सकेका छैनन् । प्रहरी निरीक्षक कमला नरालका अनुसार हराएका २७० मध्ये २४० जना परिवारको सम्पर्कमा आएका छन् । सम्पर्कमा नआउनेमा १३ महिला, १२ पुरुष, एक बालक, तीन बालिका र एक ज्येष्ठ नागरिक छन् । गत आर्थिक वर्षमा १३ महिला, २७ पुरुष, दुई बालिका र तीन ज्येष्ठ नागरिक बेपत्ता थिए । फेला नपर्नेहरू साथीको घर जान्छु भनेर, स्कुलबाट घर नफर्किएर, बजार गएर आउँछु भनेर घरबाट निस्किएका बढी मात्रामा रहेको उनले जानकारी दिए । चालु आवको माघसम्ममा १०६ महिला, ८३ पुरुष, १६ बालक, ४८ बालिका र १७ ज्येष्ठ नागरिक हराएका थिए । उनीहरूमध्ये ९३ महिला, ७१ पुरुष, १५ बालक, ४५ बालिका र १६ ज्येष्ठ नागरिक परिवारको सम्पर्कमा आएका छन् । परिवारको सम्पर्कमा नआएकाको खोजी भइरहेको नरालले बताए ।

कार्यालयको महिला सेलमा घरेलु हिंसाका घटना बढ्दो क्रममा रहेका छन् । चालु आवको सात महिनामा २६१ घरेलु हिंसाका घटना भएका छन् । खान लाउन नदिएको ६८, कुटपिटका १२६ र गाली बेइज्जतीका ६७ वटा छन् । नरालका अनुसार गत आवमा घरेलु हिंसाका घटना १५४ दर्ता भएका थिए । आव २०७६/७७ मा ८४ वटा घरेलु हिंसाका निवेदन दर्ता भएको उनले जानकारी दिए । हरेक वर्ष जिल्लामा घरेलु हिंसाका घटना बढ्दै गएको तथ्यांकले देखाएको छ । कार्यालयको तथ्यांकअनुसार यस आवमा परेका निवेदनमध्ये १८१ वटा मिलापत्र भएको छ भने ५४ वटा निवेदन अदालतमा दर्ता भएको र २४ वटा निवेदन छलफलका क्रममा छन् । रासस


## चक्रघट्टा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**चक्रघट्टा, सर्लाही**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :२०७८/११/०५**

यस कार्यालयबाट प्रकाशित बोल-पत्र आह्वानको सुचना अनुसार पेश हुन आएका बोल-पत्रहरु मध्ये तपसिलमा उल्लेखित बोल-पत्र दाताको न्यूनतम मुल्यांकित बोलपत्र सारभूत रुपमा प्रभावग्राही भई मूल्यांकन समितिबाट स्वीकृतिको लागि सिफारिस भै आए बमोजिम सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तथा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै बोल-पत्र दाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सि.नं. | ठेक्का नं. | छनौट भएको बोल–पत्रदाताको नाम / ठेगाना | कबोल अंक |
|---|---|---|---|
| 1 | CRM/WORKS/NCB/78-79/6 | Bibek Nirman Sewa, Gadahiya-8, Sarlahi | NRs. 86,58,510.90 |
| 2 | CRM/WORKS/NCB/78-79/7 | Bibek Nirman Sewa, Gadahiya-8, Sarlahi | NRs. 82,76,305.13 |

**लालबाबु प्रसाद साह**
**नि. प्रमुख प्रशासकिय अधिकृत**



**Kispang Rural Municipality**
Office of the Rural Municipal Executive
Kahule, Nuwakot, Bagmati, Province

**Invitation for Electronic Bids for procurement of Fabricated Steel Parts for Trail Bridges**

**Contract Identification No: 07/Kispang/TB/078-079**
**First Date of Publication: 2078/11/05 *(17/02/2022)***

1. **The Government of Nepal (GoN)** has allocated TB-SWAp funds to Kispang Rural Municipality for **Trail Bridge Program** and the Rural Municipality intends to apply the funds to cover eligible payments under the Contract for supply of fabricated steel parts for Trail Bridges. Bid is open to all eligible Nepalese Bidders.
2. The Kispang Rural Municipality invites electronic bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations. Detailed Evaluation and Qualification Criteria are provided in Section III of the Bid Documents.
3. The Bidders/Fabricators with experience of successfully completing fabrication and supply of steel parts for minimum five trail bridges within last five years. New fabricators may apply in joint venture with an eligible firm having the required experience. Fabricators who are not enlisted by DoLI may also apply. However, bids of such fabricators shall be considered responsive only in case fabricators fulfill the requirements.
4. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Kispang Rural Municipality or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
5. Bidding documents is available online and can be downloaded from e-GP system: **www.bolpatra.gov.np/egp.** Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank**: Sanima Bank, Kispang Branch
   **Name of the Office**: Kispang Rural Municipality, Office of Rural Municipal Executive, Kahule,Nuwakot
   **Office Code No.** : 365002910 **Office Account No.** 059010040000008
   **Account Name**: Sanchit Kosh Khata
6. Interested Bidders shall submit the electronic Bids through **www.bolpatra.gov.np/egp**, on or before 12:00 noon on 2078-12-06 (20/03/2022.). Documents received after this deadline shall not be accepted.
7. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Kispang Rural Municipality on 2078-12-06 (20/03/2022) at the office Kispang Rural Municipality on 13:00 hours, Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by bid security, amounting to a minimum as stated in below Table, which shall be valid for 30 days beyond the bid validity period.
8. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in Deposit
   **Deposit Account number**: 059010020000015 **Name of the Bank**: Sanima Bank, Kispang Branch
   **Name of Office**: Kispang Rural Municipality, Office of Municipal Executive, Kahule, Nuwakot
   and submit bank deposit voucher along with the bid.
9. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.

10.. Pre-Bid Meeting shall be held at the office of Kispang Rural Municipality on 2078/11/25(09/03/2022).

11. The name and identification of the contract are as follows:

| Description of Work (Fabrication Package) | Estimated Amount, NRs (Excluding VAT) | Bid Security Amount (Rs.) | Bid Document Fee |
|---|---|---|---|
| Fabrication of steel parts and transportation up to road head of Burma Khola, Dhokaphedi, Mabung Khola, Torme khola and Busheng kholaTrail Bridge. | 6,869,783.89 | 1,95,000.00 | 3,000.00 |

12. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.



नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
## केन्द्रीय तथ्याङ्क विभाग

## गणना पुस्तिका छपाईसम्बन्धी दरभाउपत्र आह्वानको सूचना

**(सूचना प्रकाशित मितिः २०७८/११/०५)**

केन्द्रीय तथ्यांक विभागलाई राष्ट्रिय कृषिगणना २०७८ का लागि आवश्यक गणना पुस्तिका छपाई गरी आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनीले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम यो सूचना प्रकाशित भएको मितिदेखि १५ औं दिनको कार्यालय समयसम्म फर्म/संस्था/कम्पनीको लिखित निवेदन (फर्म दर्ता, भ्याट पान दर्ता र करचुक्ताको कागजात समेत संलग्न गरेर) पेश गरी यस विभागबाट तपसिल बमोजिमको दस्तुर बुझाई खरिद गर्न सकिने छ ।

| दरभाउपत्र/ठेक्का नं. | मालसामानको विवरण | आवश्यक संख्या | दरभाउपत्र फाराम दस्तुर रु. | दरभाउपत्र जमानत रकम रु. | दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 7/CBS/078/79 | Printing of enumeration manual | दरभाउपत्र फाराममा संलग्न छ । | रु. १०००/- | रु. ४२,०००/- | सिलबन्दी दर्ता |

२. दरभाउपत्र जमानत वापत माथि उल्लेखित रकम बराबर यस विभागको नाममा जारी भएको बिडबण्ड वा कोष तथा लेखा नियन्त्रक (समन्वय) कार्यालयको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. धरौटी खाता नं. १२०१२००-००१-००२-५२४ (कार्यालयको कोड नं. ३९१०१३५०१) मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ । विडवण्डको हकमा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनु पर्नेछ ।

३. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस विभागमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ ।

४. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरु यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन दिनको १.०० बजे विभागमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर कम्पनीको प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन/दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ ।

५. दरभाउपत्रदाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्रदाताले सिलबन्दी दरभाउपत्रसाथ देहायका कागजात पेश गर्नुपर्नेछ ।
**(क)** फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि **(ख)** मुल्य अभिवृद्धि कर र पान दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि **(ग)** दरभाउपत्रदाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारबाहीमा स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणाको सक्कल प्रति **(घ)** आ.व.२०७७०७८ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि वा म्याद थप गरेको पत्र **(ङ)** फर्म/कम्पनीले आधिकारिक रुपमा खरिद कार्य गर्नका लागि प्रतिनिधि नियुक्त (power of attorney letter) गरेको सक्कलै पत्र ।

६. दरभाउपत्र फाराम बुझाउँदा सिलवन्दी गरी खामको बाहिर **"केन्द्रीय तथ्यांक विभागको गणना पुस्तिका छपाईसम्बन्धी दरभाउपत्र २०७८" भनी स्पष्टसँग उल्लेख गर्नुपर्नेछ ।**

७. यसै सूचनाको बुँदा-५ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरु उल्लेख गरेको, दरभाउपत्रसम्बन्धी कागजातमा दरभाउपत्रदाताले उल्लेख गर्नुपर्ने विवरणहरु पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको दरभाउपत्रहरु उपर कुनै कारवाही गरिने छैन ।

८. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकार गर्ने सम्पूर्ण अधिकार यस विभागमा निहित रहनेछ ।

९. माथि उल्लेखित सर्तहरु बाहेक अन्य कुराहरु दरभाउपत्र फाराम एवम् प्रचलित कानुनअनुसार हुनेछ ।

१०. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय खुलेको समयभित्र विभागमा सम्पर्क राख्न सकिनेछ ।